प्रतिदिन १६ औं वार्षिकोत्सव

# प्रतिदिन

राष्ट्रिय दैनिक

PRATIDIN NATIONAL DAILY




वर्ष-१६ ।। अङ्क : १६४ ॥ २०८१ श्रावण ०९ गते बुधबार (24th Jul 2024 Wednesday) Pratidin National Daily मूल्य-रु.५/-

## वडा सदस्य बानियाँले सचिव मगरमाथि गरे हातपात

झापा(प्रस) । भद्रपुर नगरपालिका वडा नं ४ का वडा सदस्य अर्जुन बानियाँले सोही वडा कार्यालयका वडा सचिव मानबहादुर मगरमाथि हातपात गरेका छन् । मंगलवार दिउँसो १ः३० बजे वडा समितिको बैठक संचालन भइरहेको बेला बानियाँले वडा सचिव मगरमाथि हातपात गरेका हुन् । इलेक्ट्रिक मोटर बाँड्ने विषयमा विवाद भएपछि वडा सदस्य बानियाँले मगरमाथि मुक्का प्रहार गरेका थिए ।तर, चोट नलागी मगरको चश्मा फुटेको बताइएको छ । सो घटनापछि भद्रपुर नगरपालिकाभरिका कर्मचारीहरु आन्दोलित भएका छन् । उनीहरुले सो घटनाको घोर निन्दा गर्दै घटनाको दोषी बानियाँलाई कारबाही गरी सुरक्षाको प्रत्याभूति नभएसम्म अत्यावश्यकबाहेक अन्य सबै सेवाहरु



हाललाई बन्द गर्ने घोषणा गरेका छन् । प्रेस विज्ञप्ति जारी गरी यस घटनाले कर्मचारीहरुको कार्यस्थलमा सुरक्षाको प्रत्याभूति नभएको देखिएको र आफूहरु सबै हतोत्साहित भएको उनीहरुले बताएका छन् । सो घटनाका विषयमा बुधवार बिहान ८ बजे बैठक बोलाइएको नगरपालिकाका सूचना अधिकारी नेत्र पोखरेलले बताए । पेशागत महासंघ नेपाल झापाका सचिव तथा स्थानीय तह कर्मचारी संघका केन्द्रीय सचिवसमेत रहेका पोखरेलले हातपात गर्ने वडा सदस्य बानियाँले माफी नमागे भद्रपुर नगरपालिकामा मात्र नभएर १५ वटै पालिकाको कामकाज ठप्प पार्ने चेतावनी दिएका छन् । यता वडा अध्यक्ष हंशधर राजवंशीले बैठकमा भएको घटना दुःखद भएको बताए । वडा सदस्यले हातपात गरेको गल्ती स्वीकार गरिसक्नु भएको बताउँदै वडा अध्यक्ष राजवंशीले भने, ‘ वडा सचिव घटनापश्चात् अस्पताल जानुभएको थियो, अस्पतालमै पुगेर दुवै पक्षलाई राखेर मेलमिलाप गराइसकेका छौँ । कर्मचारीहरूले सेवा ठप्प पार्ने गरी विज्ञप्ति निकालेर यसलाई राजनीतिकरण गर्नु हुँदैन थियो ।’ यस बारेमा बुधवार बिहान नगरपालिकामा छलफल गरी टुङ्गो लगाउने उनले बताए ।

## हल्दिवारीमा चालकलाई बेहोस बनाइ स्कुटर लुटियो

झापा(प्रस) ।स्कुटर चालकसंग घरसम्म पुर्याइदिन सहयोग मागेका एक अपरिचित व्यक्तिले झापाको हल्दिवारीमा चालकलाई बेहोस बनाई स्कुटर लुटेर लगेका छन् ।

सोमवार जिल्ला प्रशासन कार्यालय भद्रपुरमा भेट भएका विनोद राजवंशी बताउने व्यक्तिले मेचीनगर ५ का २२ वर्षीय पुजन श्रेष्ठको प्रदेश न.१-०१-०१५प-३४४८नम्बरको स्कुटर हल्दिवारीको भेलागुडी जंगलमा लुटेर लगेका हुन् ।

बुबाको नागरिकताको प्रतिलिपि बनाउन जिल्ला प्रशासन कार्यालय गएका श्रेष्ठसंग ती व्यक्तिको त्यही चिनजान भएको थियो । आफू पनि नागरिकताको प्रतिलिपि बनाउन



आएको उनले श्रेष्ठलाई बताएका थिए । अपरान्ह ४ बजेतिर आफ्नो घर नजिकै रहेको र घर जाने काम पर्यो भनेर ती व्यक्तिले श्रेष्ठसंग लिफ्ट मागेका थिए । श्रेष्ठसंग चावी मागेर आफै स्कुटर कुदाएका उनले भेलागुडी जंगलमा आफ्ना दुईजना साथी बोलाएर लछारपछार गर्दै कुटपिट गर्नुका साथै अनुहारमा स्प्रे छर्केर बेहोस बनाएका थिए । त्यसपछि उनीहरुले स्कुटर लुटेको श्रेष्ठकी भाउजु अन्जना भण्डारीले बताइन् ।

घाइते र बेहोस भएका श्रेष्ठ राति पौने २ बजेतिर मात्र घर पुगेको उनले जानकारी दिइन् । आफूहरुले हुलियासहित स्कुटर लुट्नेहरुलाई खोजी गरी कार्वाही गर्न प्रहरीलाई उजुरी दिएको अन्जनाले जानकारी दिएकी छन् ।

## हल्दिवारीमा बाबुको हत्याको आरोपमा छोरा पक्राउ



हल्दिवारी(प्रस) । हल्दिवारी गाउँपालिका वडा नम्बर २ पाराखोपी बजारपूर्व आफ्नै बाबुको हत्या आरोपमा प्रहरीले छोरालाई नियन्त्रणमा लिएको छ ।

सोमवार राति २ बजे स्थानीय ६३ वर्षीय बासु राजवंशी आफ्नै घरको आँगनमा रहेको लिच्चीको बोटमा शंकास्पद अबस्थामा झुन्डिएको फेला परेका थिए । मृतकको टाउको र आँखामा चोट देखिएको छ । राजवंशीको मृत्यु शंकास्पद देखिएपछि उनका छोरा करिव ३० वर्षीय सुनिल राजवंशीलाई अनुसन्धानको लागि नियन्त्रणमा लिएको जिल्ला प्रहरी कार्यालयका प्रवक्ता डीएसपी कृष्णकुमार चन्दले बताए । डीएसपी चन्द नेतृत्वको टोलीले ४ घण्टा लगाएर अनुसन्धान गरेपछि मृतक राजवंशीका छोरा सुनिललाई नियन्त्रणमा लिएको हो ।

झुन्डिएको अवस्थामा फेला परेका राजवंशीको टाउको, अनुहारसहित शरीरका विभिन्न भागमा चोट लागेको र अनुहारभरि रगत देखिएको वडा अध्यक्ष शुकलाल राजवंशीले पनि बताए ।

सुनिललाई नियन्त्रण लिएर जिल्ला प्रहरी कार्यालय झापा लगिएको छ भने मृतकको शवलाई पोस्टमार्टमको लागि प्रादेशिक अस्पताल भद्रपुर लगिएको छ । मृतक बासु र उनका छोराबिच राति झगडा भएको बताइएको छ । छोराको लुगामा समेत रगत भेटिएको डीएसपी चन्दले जानकारी दिएका छन् ।

## एशियन राजमार्गमा परेका बिर्तामोडका धेरै संरचना भत्काइने

झापा(प्रस) । निर्माणाधिन पूर्वपश्चिम एशियन राजमार्गमा परेका बिर्तामोडका धेरै संरचना भत्काइने भएका छन् । बिर्तामोडको दुर्गा मन्दिर पुरै भत्किने भएको हो भने ट्राफिक प्रहरी कार्यालयको पुरानो भवन र धेरै घरका अगाडिको भाग पर्ने भएको छ । बीच सडकदेखि २५-२५ मिटर दायाँ बायाँभित्र सडकसीमा मिचेर बनाइएका संरचनाहरु अब केही महिनापछि हटाइने भएको हो । सडकको सीमा क्लियर गर्ने क्रममा रुख कटान गरिसकेकाले अब अन्य संरचना हटाइने एसियाली विकास बैंक आयोजना दमकका योजना प्रमुख सुनिलबाबु पन्तले बताए । पहिले गरिएको सुपरीवेक्षणलाई फेरि भेरिफाई गरेर प्रक्रियागत ढंगले सडक सीमाभित्र परेका संरचनाहरु हटाइने आयोजना



प्रमुख पन्तले बताए । उनले त्यसका लागि जिल्ला प्रशासन कार्यालयसंग समन्वय गरिने जानकारी दिए । घरको बरन्डा र लाछीहरु परेपनि ठूला संरचना कुनै पनि नपरेको बताउँदै पन्तले सडक निर्माणमा खासै अवरोध नआउने उनको भनाई छ । जिल्ला ट्राफिक प्रहरी कार्यालयको पुरानो भवन नपर्ने तर त्यस भवन अगाडिको परिसर पर्ने भन्ने सुनेको ट्राफिक प्रहरी नवराज न्यौपानेले बताए । योजना प्रमुख पन्तले काँकरभिट्टा-सितापुरी पूर्वी खण्डको ४५ किलोमिटर क्षेत्रमा वर्षाका कारण अहिले खासै काम नभइरहेको जानकारी दिए । ‘बिरिङ पुलमा पाइलिङको काम भइरहेको छ’उनले भने,‘त्योसंगै माटो परीक्षणको कार्य पनि चलिरहेको छ । ’ सडक किनारमा रहेका सबै चार हजार ७३० रुख कटान गरिसकिएको छ । त्यसैगरी पुल र कल्भर्ट निर्माण कार्य जारी छ । दुई लेनको सडकलाई चार लेनमा रुपान्तरण गर्ने उद्देश्यअनुरुप सो सडकखण्डमा १४० वटा कल्भर्ट र २१ वटा पुल निर्माण हुने बताइएको छ । एशियन राजमार्ग निर्माणका लागि काँकरभिट्टा-सितापुरी पूर्वी खण्ड र सितापुरी-मावा खोलालाई पश्चिम खण्डमा विभाजन गरिएको छ ।

पूर्वी खण्डको ठेक्का एभ्रासकन कालिका जेभीले पाएको छ । एसियाली विकास बैंकको सहयोगमा निर्माण सुरु भएको काँकरभिट्टादेखि केर्खासम्मको सडक करिब रु. १० अर्बको लगानीमा सम्पन्न हुने गरी ठेक्का सम्झौता गरिएको छ । काँकरभिट्टा-लौकहीसम्मको ९६ किलोमिटर सडक पूर्वी र पश्चिम खण्ड गरी दुई भागमा विभाजन गरी निर्माण भइरहेको छ ।

## अर्थतन्त्रको २९ क्षेत्रमा सुधार आवश्यक

झापा(प्रस) । मुलुकको अर्थतन्त्रका देखिएका चुनौती र समाधानका उपायबारे अर्थमन्त्रालयका कर्मचारीहरूले अर्थमन्त्री विष्णुप्रसाद पौडेललाई ‘ब्रिफिङ’ गरेका छन् । मन्त्रालयले मंगलवार प्रेस नोट जारी गर्दै विभिन्न चुनौती पहिचान भएका र ती चुनौती समाधानका लागि चाल्नुपर्ने कदमबारे पनि अर्थमन्त्री पौडेललाई जानकारी गराइएको उल्लेख गरेको छ ।

“अर्थमन्त्रालयका नजरमा नेपालको अर्थतन्त्रमा विशेष गरी ४६ वटा चुनौती छन् । ती चुनौतीलाई सामना गर्न २९ वटा क्षेत्रमा कदम चाल्न जरुरी छ”, मन्त्रालयको प्रेस नोटमा भनिएको छ, “अर्थतन्त्रमा देखा परेका चुनौती र तिनलाई सामना गर्ने उपायसम्बन्धी अर्थमन्त्रालयका सचिव र सहसचिवले उपप्रधान तथा अर्थमन्त्री विष्णुप्रसाद पौडेललाई ब्रिफिङ गरिसकेका छन् । उपप्रधान तथा अर्थमन्त्री पौडेलले समस्या र चुनौतीहरूको प्राथमिकीकरण गरी समाधान गर्दै अघि बढ्ने बताउनु भएको छ ।”

**मन्त्रालयले पहिचान गरेका चुनौती**

विद्यमान अर्थतन्त्रमा विभिन्न ४६ वटा चुनौती रहेको मन्त्रालयले जनाएको छ । साधन-स्रोत उपलब्धताको अनुपातमा आर्थिक क्षेत्रको वृद्धि कम हुनु, बचत, उपभोग र लगानी वृद्धि दर न्यून रहनु, वित्तीय क्षेत्रको साधन स्रोत पर्याप्त मात्रामा उत्पादनमूलक क्षेत्रमा लगानी हुन नसक्नु, आयात-निर्यात अनुपात उच्च रहनुलगायतका चुनौती पहिचान भएका हुन् ।

त्यस्तै, आर्थिक वृद्धि अस्थिर एवम् न्यून रहेको, बढ्दो लगानी आवश्यकता र न्यून कुल गार्हस्थ्य बचत रहेको, औसत पुँजी प्रतिफल अनुपात तुलनात्मकता उच्च रहेको, तीव्र आन्तरिक बसाइसराइका कारण हिमाली, पहाडी एवम् ग्रामीण क्षेत्रको जनसंख्या घट्दो क्रममा रहेको मन्त्रालयले जनाएको छ । आर्थिक वृद्धिमा उत्पादनशील क्षेत्रको योगदान कमजोर रहेको, अर्थतन्त्रको संरचनागत चुनौती, न्यून कुल गार्हस्थ्य बचतः कुल गार्हस्थ्य उत्पादनको औसत १० प्रतिशतभन्दा कम हुनु, न्यून दरको आर्थिक वृद्धि, न्यून उत्पादकत्व, औद्योगिक क्षेत्रको योगदान घट्दै गएकोलगायतका विषयलाई पनि मन्त्रालयले अर्थतन्त्रका विद्यमान समस्याका रूपमा पहिचान गरेको छ ।

त्यस्तै, आयातमा आधारित राजस्व व्यवस्था हुनु, कमजोर निकासी र बढ्दो व्यापार घाटा, राजस्व र खर्चको वृद्धि अझै न्यून रहनु, पुँजीगत खर्चको प्रभावकारिता न्यून रहनु, पर्याप्त तयारी बिना बजेट प्रस्ताव गर्ने प्रवृत्ति, ऋणको मात्रा बढ्दै जानु, भुक्तानी दायित्व उच्च रहनुलाई समस्याका रूपमा देखाइएको छ । विकास पूर्वाधारमा लगानीको लागि वित्त बचत (फिस्कल स्पेस) न्यून रहनु, राजस्व परिचालन अनुमानयोग्य हुन नसक्नु र लक्ष्य बमोजिम राजस्व असुली हुने नसक्नु, आयातमा आधारित राजस्व उच्च रहेको हुँदा राजस्व परिचालनलाई दिगो बनाउनु चुनौती रहनु, संस्थानमा ऋण लगानीको प्रतिफल कमजोर रहनु समस्या भएको मन्त्रालयको भनाइ छ ।

त्यसैगरी खर्च र आम्दानीबिचको अन्तर बढ्दै जानु, सामाजिक सुरक्षातर्फको खर्च बढ्दै जानु, वैदेशिक ऋणको प्रभावकारी उपयोग हुन नसक्नु, आयोजना-परियोजना तोकिएको समयमा सम्पन्न नहुँदा लागत प्रभावकारी हुन नसक्नुलगायत विषय समस्याका रूपमा पहिचान भएको मन्त्रालयले जनाएको छ । मन्त्रालयले सार्वजनिक खर्च व्यवस्थापनतर्फ आयोजनाको अत्यधिक संख्या र सिर्जना भएको दायित्व व्यवस्थापन, बहुवर्षीय ठेक्काको स्रोत व्यवस्थापन, गैर-बजेटरी मागलाई निरुत्साहित गर्ने, अनिवार्य दायित्वको बजेट बढ्नु, अनावश्यक देखिएका संरचना खारेज हुन नसकेको, वैदेशिक सहायताको उपयोग क्षमता कमजोर रहेको, सङ्घीय सञ्चित कोष ऋणात्मक तर प्रदेश र स्थानीय तहका कोषहरू बचतमा रहने गरेकोलगायतका विषय अर्थमन्त्रालयले उजागर गरेको छ ।

त्यस्तै, वित्तीय हस्तान्तरणमा कमी हुँदै जानुलाई पनि चुनौतीका रूपमा पहिचान गरिएको छ । राजस्व सङ्कलन अपेक्षित नहुँदा प्रदेश र स्थानीय तहमा कम मात्र हस्तान्तरण हुने परिस्थिति रहेको, समपूरक र विशेष अनुदानतर्फ बर्सेनि आयोजना थप भई असीमित दायित्व सिर्जना भएको मन्त्रालयको भनाइ छ । त्यस्तै, बैङ्किङ क्षेत्रतर्फ पहिचान भएका समस्यामा कर्जा प्रवाहलाई उत्पादनमूलक क्षेत्रमा निर्देशित गर्न नसकिएको, कर्जाको गुणस्तर बढाउने र बढ्न थालेको खराब कर्जालाई नियन्त्रणमा राख्ने चुनौती रहेको, वित्तीय साधनको लागत घटाउने गरी मौद्रिक उपकरणहरूमा लचकता कायम गर्न नसकिएको, वित्तीय क्षेत्रको नियमन प्रभावकारी हुन नसकेको, वित्तीय सहकारीको नियमन फितलो रहेकोलगायत छन् ।

बाह्य क्षेत्रतर्फ कमजोर निकासीको आधार एवम् उच्च व्यापार घाटा, चालु खाता घाटा, भ्रमण आयभन्दा भ्रमण खर्च उच्च रहेको, विदेशी लगानी आप्रवाह अत्यन्त कमजोर रहेको, वैदेशिक रोजगारीलाई थप प्रतिफलमुखी बनाउन नसकिएकोलगायत समस्या पहिचान गरिएको छ ।

**आगामी कार्यदिशा**

❖ बाँकी अन्तिम पृष्ठमा



# बाल सुधारगृहमा नाबालिग र बालिगलाई एकै ठाउँमा राख्दा समस्या

झापा(प्रस) । देशका विभिन्न जिल्लामा सञ्चालित बाल सुधारगृहमा झडपका घटना दोहोरिएसँगै बालबिझ्याइँमा परेकाहरूको सुधार एवं व्यवस्थापन चुनौतीपूर्ण बन्दै गएको छ।

कानूनी विवादमा परेका बालबालिकालाई अदालतको आदेशानुसार अस्थायी संरक्षण तथा पुनःस्थापना सेवा प्रदान गर्न बाल सुधारगृह सञ्चालन गरिएको छ।

बालबालिकामा आफूले अपराध गरेको भावना विकास हुन नदिई सामान्य र सहज अवस्थामा तोकिएको सजाय पूरा गरी समाजमा पुनःस्थापित गराउन सक्ने गरी वातावरण बनाउन उनीहरूलाई सुधारगृहमा राख्ने गरिएको छ तर अहिले यही ठाउँ समस्याग्रस्त बन्दै गएको छ।

**झडपको शृंखला**

बाँकेको जयन्दु बाल सुधारगृहमा दुई समूहबीच झडप हुँदा अपहरण, शरीर बन्धक र जबरजस्ती करणीको मुद्दामा सजाय पाएका २१ वर्षीय सुलभ केसीको मृत्यु भयो, अरू १० जना गम्भीर घाइते भए। जयन्दुमै असार २४ गते खाना खाने विषयमा दुई समूहबीच झडप दोहोरियो। त्यसअघि २०७९ माघमा पनि उक्त सुधारगृहमा आगजनी र तोडफोड भएको थियो।

यस्तै गत भदौमा भक्तपुरको मध्यपुरस्थित बाल सुधारगृहभित्र सामान्य विरामी परेका कमल बस्नेतको उपचार अभावमा मृत्यु भएको विषयलाई लिएर प्रहरीमाथि ढुंगामुढा र तोडफोड गर्दै २५० जना बालकैदी निस्किएका थिए। उनीहरूले सुधार गृहमा खाना र स्वास्थ्य परीक्षणको व्यवस्था राम्रो नभएको भन्दै सडकमै विरोध जनाएका थिए।

भदौ २६ गते वीरगञ्जको बिर्तास्थित बाल सुधार गृहमा झडप हुँदा ११ जना बालक र ३ जना प्रहरी घाइते भए। यसैगरी फागुनमा पोखरा-१८ ग्यारजतीमा रहेको बाल सुधारगृहमा पनि झडप हुँदा ३ जना घाइते भएका थिए। खाना खाने लाइनमा बसेकाहरूबीच विवाद बढेपछि झडप भएको थियो।

यसरी बाल सुधारगृहहरूमा बढ्दो अशान्तिले त्यहाँ बस्दै आएकाहरूको व्यवहार सुधारदेखि सुरक्षा एवं व्यवस्थापनमा चुनौती बढाइदिएको छ। हिंसात्मक घटना दोहोरिनुका साथै सुधारका लागि राखिएको बालकहरूको मृत्यु हुनुले बाल सुधारगृहको सुरक्षा, उनीहरूप्रतिको संवेदनशीलता र व्यवस्थापनमाथि प्रश्न उठ्ने गरेको छ।

**बाल सुधारगृह अशान्तिको कारण**

बालबालिका सम्बन्धी ऐन २०७५ को दफा ४३ मा कानुनको विवादमा परेका बालबालिकाको सुधार र पुनःस्थापना नभएसम्म बालबालिका राख्ने प्रयोजनका लागि आवश्यकताअनुसार बाल सुधार गृह स्थापना गर्ने उल्लेख छ।

ऐनको दफा ४३ को उपदफा (४) मा बाल सुधारगृहमा रहेका बालबालिकाको त्यहाँ बस्नुपर्ने अवधि बाँकी हुँदा उमेर १८ वर्ष पुगेमा बानी व्यहोरामा आएको सुधार, आर्जन गरिरहेको सीप तथा शिक्षाको निरन्तरता लगायतलाई ध्यानमा राखी बाँकी अवधिसम्मका लागि बाल सुधारगृहमा अन्य बालबालिकासँग अलग हुने गरी राख्नुपर्नेछ भनिएको छ तर बालिग भएपछि पनि सजाय अवधि पुरा नहुन्जेल उनीहरूलाई कम उमेरकाहरूसँगै राख्ने गरिएकाले वेलावेला कुटपिट एवं झडपका घटना हुने गरेका छन्।

उमेरसँगै उनीहरूका आकांक्षा बढ्दै जाने, लामो समयदेखि एकै ठाउँमा बस्दा १८ वर्ष नाघिसकेकाहरूले नयाँ र आफूभन्दा कम उमेरकालाई नियन्त्रणमा राख्न खोज्ने, हेप्ने गरेका भुक्तभोगी सुनाउँछन्। अव्यवस्थित व्यवस्थापनका कारण उनीहरू त्यहाँबाट भाग्न खोज्ने गरेका पनि देखिन्छन्। बाल सुधारगृहमा खाना, पानी, उपचारको उचित प्रबन्ध नगरिएको, क्षमताभन्दा दोब्बर बढी बालबालिका राखिएको, साना र ठूलाले एकै ठाउँमा बस्नुपर्ने, धेरैजना सँगै सुत्नुपर्ने, नुहाउने कोठा, शौचालयको समस्या र चाहेका वेला परिवारसँग फोन गर्न नपाएको रिस उनीहरूले सँगै रहेका अरूमाथि पोख्ने गरेको देखिएको छ। यसैगरी सुधारगृहभित्र बाहिरबाट लागुऔषध मगाएर खाने बालकहरूले आफ्नो पोल खुल्ने डरले अरूलाई धम्क्याउने, कुटपिट गर्ने गरेको सुन्ने गरिएको छ।



**सरकारी निष्कर्ष र पहल**

महिला, बालबालिका तथा ज्येष्ठ मन्त्रालयका अनुसार हाल मुलुकभर बाल बिझ्याइँमा परेका बालबालिका राख्न ९ वटा बाल सुधारगृह छन्। तीमध्ये पाँचवटा नेपाल सरकार आफैँले सञ्चालन गरिरहेको छ भने ४ वटा बाल सुधारगृह व्यवस्थापनको जिम्मा युएनको उच्च आयुक्त कार्यालय (युसेफ) नेपाल नामक गैरसकारी संस्थालाई दिइएको छ। यी सुधारगृहहरूको क्षमता ५७५ भए पनि दोब्बर बढी बालबालिका राखिएका छन्।

युसेफ नेपालका अनुसार ३० वर्षसम्मका युवा सुधार गृहमा राख्नुपरेको छ। सुधारगृहमा राखिएकामध्ये ४५ प्रतिशतको उमेर १८ वर्षभन्दामाथि भएकाले झडप हुने गरेको दाबी गरिएको छ। कम र बढी उमेर समूह एवं फरक स्वभाव भएकाहरूलाई एकै ठाउँमा राख्दा समस्या देखिएको मन्त्रालयको निष्कर्ष छ। 'विविध उमेर समूह र भिन्न प्रकृति एवं स्वभावका बालबालिकालाई एकै ठाउँमा राख्नु समस्याको कारण हो भन्ने निष्कर्षमा पुगेका छौं', मन्त्रालयकी प्रवक्ता चन्द्रकला पौडेल भन्छिन्, 'प्रकृति हेरी पढ्ने, सीप सिक्ने छुट्टाछुट्टै समूहमा राख्न सरोकारवाला निकायसँग बसेर टुंगो लगाइसकेका छौं तर स्थानान्तरण खर्च लगायतका विषय व्यवस्थापन हुन सकेको छैन, यो आवमा सबै काम सक्ने तयारी छ।'

मन्त्रालयले १७ वर्षभन्दा कम उमेरका बालबालिकालाई अनिवार्य शिक्षा भन्ने सरकारको योजनाअनुसार विद्यालयहरू भएको ठाउँमा राख्ने र १७ वर्षमाथिकालाई सीप सिकाउने गरी सिटिइभिटीसँग समन्वय गरिरहेको जनाएको छ।

**सबै बाल सुधारगृह सरकारले चलाउने तयारी**

पछिल्लो समय युसेफद्वारा सञ्चालित बाल सुधार गृहको व्यवस्थापनमा कमजोरी भएको आशंका बढ्न थालेको छ। यस सन्दर्भमा बालबालिका मन्त्रालयले आवश्यक निर्णय गरिसकिएको जनाएको छ। 'उहाँहरूलाई वर्षौंदेखि सञ्चालन गरेको अनुभव पनि होला तर कारागार जस्तै बाल सुधारगृह पनि राज्यको जिम्मेवारीभित्र पर्छ, प्रवक्ता पौडेलले भनिन्, 'मन्त्रालयले त्यसैअनुसार निर्णय गरेर सम्बन्धित निकायमा पठाइसकेको छ। केही समय उहाँहरूले चलाए पनि अन्ततोगत्वा यही आवभित्र नेपाल सरकारबाटै सबै सञ्चालन हुनुपर्छ भन्नेमा मन्त्रालय पुगेको छ।'

१८ वर्षमाथिकालाई बालसुधारमा राख्न नमिल्ने भए पनि न्यायिक निकायको फैसलाले राख्न मिल्ने व्यवस्था गरिदिएकाले पनि उनीहरू १८ वर्ष कटिसकेपछि पनि त्यहीँ रहेको देखिन्छ। मन्त्रालयले घरेलु हिंसामा परेका महिलाका लागि सेफ हाउसको कल्पना गरिएजस्तै सुधारगृहका बालबालिकालाई पनि घर पठाउनुअघि यस्तो व्यवस्था गर्नुपर्ने आवश्यकता महसुस गरेको छ। तर त्यसको स्थापना गर्न कानूनी प्रत्याभूति नभएको प्रवक्ता पौडेलले बताइन्।

**स्थानान्तरण गर्न ढिलाइ**

त्यसो त एउटा सुधार गृहबाट अर्कोमा स्थानान्तरण गर्न ढिलाइ हुँदा पनि समस्या बढेको व्यवस्थापकहरू बताउँछन्। कतिपय सुधारगृहले क्षमताभन्दा धेरै बालक राख्नु परेकाले समस्या भएको बताउँदा पनि स्थानान्तरणमा कारागार व्यवस्थापन विभागले वास्ता नगर्ने, ढिला गर्ने गरेको बताउने गरेका छन्।

तर विभागका निर्देशक एवं प्रवक्ता कमल प्रसाद पाण्डे स्थानान्तरणको काममा कुनै बेवास्ता नगरिएको बताउँछन्। कारागार व्यवस्थापन विभागले सुधारगृहबाट बालबालिका अन्यत्र स्थानान्तरणको निर्णय गर्ने, सिधा खर्च पठाउने काम गर्दै आएको छ। 'दुईवटा गृहले राख्ने र पठाउने भनि एक-अर्कामा सहमति जनाए भने हामीले निर्णय गरिदिहाल्छौं। समन्वयको कमी नभए पनि एक ठाउँमा झगडा गर्नेले अर्को ठाउँमा गएर पनि झगडा गर्छन् भन्ने ठान्दा समस्या देखिन्छ' प्रवक्ता पाण्डेले भने 'कुनै गृहबाट स्थानान्तरण गर्दा सहज हुने भनी अनुरोध आउँदा हामीले गर्ने काम नरोकी गरिरहेका छौं, त्यसमा समस्या छैन।'

फरक उमेर समूहलाई एकै ठाउँमा राख्नु नै समस्याको कारण देखिएको विभागको समेत ठम्याइ छ। 'व्यवस्थापकीय विषयहरू पनि छन् तर बढीजसो उमेर समूह छुट्याइएन भन्ने छ' प्रवक्ता पाण्डेले भने।

**अपराधकर्ममा कसरी लाग्छन् बालबालिका ?**

काठमाडौं उपत्यका प्रहरी कार्यालयका प्रवक्ता एवं सूचना अधिकारी प्रहरी वरिष्ठ उपरीक्षक दिनेशराज मैनाली बालबालिकामा दीक्षासहितको शिक्षा, सुसंस्कारको अभाव देखिएको बताउँछन्। साथीसंगत, बाबुआमा, गुरुप्रतिको सम्मान एवं नैतिक शिक्षाको कमी, संयुक्तबाट एकात्मक परिवारमा हुर्किनु, प्यारेन्टिङ (पालन-पोषण) उचित ढंगले नहुनुले पनि बालबालिका अपराधकर्मतर्फ धकेलिने गरेको उनको भनाइ छ।

बालबिझ्याइँमा परेकाहरूलाई राम्रोसँग तयार नै नगरी सुधारगृहबाट सिधै घरपरिवार एवं समाजमा पठाउँदा पनि समस्या निम्तने गरेको छ। 'सुधार गृहहरू कारागार भने जस्तै हो। त्यहाँबाट घर जानुअघि राखिने 'हाफ वे होम' को अवधारणा नेपालमा पनि विकास गर्न जरुरी देखिएको छ' प्रहरी वरिष्ठ उपरीक्षक मैनालीले भने 'परिवार, सरकार, अदालत सबैले बालबालिकाको सर्वोपरी हितलाई ध्यानमा राखी सर्वाङ्गीण विकास तथा अधिकारको सम्मान, संरक्षण र प्रवर्धन गर्नुपर्नेमा त्यसो हुन सकेको छैन। जसले गर्दा सुधारगृहभित्रै झडपका घटनासम्म हुने गरेका छन्।'

हरेक अभिभावकले आफ्ना छोराछोरीलाई कानुनका कुराहरू उनीहरूले बुझ्ने भाषामा सिकाउन जरुरी रहेको उनको भनाइ छ।

## रोजगारीका ...

१५ सय युवायुवती बाहिरिने गरेको तथ्याङ्क रहे पनि नेपालमा ९६ देशका नागरिकले श्रम स्वीकृति लिएकामा सबैभन्दा बढी चिनियाँ नागरिक रहेको विभागले जनाएको हो । नेपालमा सञ्चालन भएका आयोजनाहरूले पाँच प्रतिशत मात्र विदेशी कामदार राख्न सकिने प्रावधान श्रम ऐनमा छ । नेपालमा रहेका एयरलाइन्स, इलेक्ट्रोनिक कम्पनी, खानेपानी, नहर तथा हाइड्रोपावर कम्पनीमा धेरै विदेशी कार्यरत छन् ।

नेपालमा रहेका रोजगारदातामध्ये सबैभन्दा बढी विदेशीलाई काठमाडौँ-तराई-मधेस द्रुतमार्गमा चाइना स्टेट कन्स्ट्रक्सन इन्जिनियरिङ कर्पोरेसनले रोजगारी दिएको छ ।

अघिल्लो आर्थिक वर्षको तुलनामा गत आवमा रोजगारी खोज्दै नेपाल आउने विदेशी श्रमिकको संख्या भने घटेको छ । श्रम स्वीकृति लिने विदेशीको संख्या गत वर्ष भन्दा १० प्रतिशतले घटेको विभागको तथ्याङ्कमा उल्लेख छ ।

सरकारबाट श्रम स्वीकृति लिने विदेशीको संख्या अघिल्लो आर्थिक वर्षभन्दा ३ सय ९ जना कम देखिएको तथ्याङ्कमा उल्लेख छ । अघिल्लो आवमा नवीकरण र नयाँ गरी २ हजार नौ सय ९४ विदेशीले श्रम स्वीकृति लिएकोमा गत वर्षको सो अवधिमा नयाँ श्रम स्वीकृति र सोको नवीकरण गर्नेको संख्या २ हजार ६८५ रहेको छ । यसमध्ये पनि विदेशी महिला कामदारको संख्या ३४९ रहेको तथ्याङ्कले देखाएको छ । २०७९ ८० मा २ हजार नौ सय ९४ जनाले स्वीकृति लिएको विभागले उपलब्ध गराएको तथ्याङ्कमा उल्लेख छ ।

गत आवमा भने एक हजार २० नयाँ आवेदकलाई श्रम स्वीकृति दिइएको थियो भने एक हजार ६६५ जनाको श्रम स्वीकृति नवीकरण गरिएको थियो ।

पोली चाङ्दा इन्जिनियरिङ कम्पनी, कञ्चनपुर-कमला रोड प्रोजेक्ट, चाइना ओभरसिज इन्जिनियरिङ, साञ्जेन खोला हाइड्रोपावर, हुवासिन नारायणी सिमेन्ट, होङ्सी शिवम् सिमेन्ट, हिमालय एयरलाइन्स, ब्रिटिश स्कुल, लिंकन स्कुल, हुवावे टेक्नोलोजीजस्ता सेवा क्षेत्रमा विदेशी नागरिक कार्यरत छन् ।

## पूर्वमुख्यमन्त्री कार्कीले सचिवलाई कुट्ने धम्की दिएको आरोप

झापा(प्रस) ।कोशी प्रदेशका पूर्वमुख्यमन्त्री केदार कार्कीले सामाजिक विकास मन्त्रालयका सचिव लक्ष्मीप्रसाद भट्टराईलाई कुटपिट गर्ने धम्की दिएको आरोप लागेको छ ।



टेलिफोनबाट उक्त धम्की दिएको भन्दै भट्टराईले जिल्ला प्रशासन कार्यालय मोरङमा निवेदनसमेत दिएका हुन् ।

मोरङका प्रमुख जिल्ला अधिकारी प्रेमप्रसाद भट्टराईले आफ्नो कार्यालयमा निवेदन परेको पुष्टि गरे । 'उहाँले आफूलाई फोनमार्फत चुट्छु भनेर भन्नु भएको भनेर निवेदन दिनुभएको छ,' प्रजिअ भट्टराईले भने, 'जो सुकैले कसैलाई पनि कुट्छु, चुट्छु भन्न पाउँदै । मैले यो निवेदनबारे नोटिस गरेको छु । एसपी साबसँग पनि कुरा भएको छ । उहाँलाई शान्ति सुरक्षा दिने कुरामा हामी प्रतिबद्ध छौं ।'

नेपाली कांग्रेसका नेतासमेत रहेका निवर्तमान मुख्यमन्त्री कार्कीले आफू मुख्यमन्त्री भएको बेलाका खेलकुद प्रतियोगिताको बजेट निकासा नगरेको र अब पनि नगरे ठिक नहुने भन्ने हिसाबले धम्की दिएको सचिव भट्टराईले बताए । भट्टराईले जिल्ला प्रशासन कार्यालयमा दिएको निवेदनको बोधार्थ कोशी प्रदेशका प्रमुख सचिव केदारनाथ शर्मालाई पनि दिएको बताएका छन् ।


## सधियारका नाममा जारी भएको ७ दिने सूचना

यस शिवसताक्षी नगरपालिका वडा नम्बर १ स्थित कित्ता नम्बर ४१९, १८०० को जग्गा क्षेत्रफल ०–२–५–० र ०–२–१५–० मध्येको जग्गा क्षेत्रमा भवन निर्माण गर्ने भनी घरधनी श्री श्रीप्रसाद अधिकारीले यस नगरपालिकामा निर्मित भवनको घर नक्सा प्रमाणित गर्ने प्रयोजनको लागि निवेदन पेश गरेकोमा उत्तरतर्फको सधियार कि. न. ६१ का लागि यो सूचना प्रकाशित गरिएको छ । निवेदक साथ पेश हुन आएको नक्सा प्रमाणित गर्दा तपाईंको जग्गा लगायत सार्वजनिक स्थलको हानि नोक्सानी हुन्छ हुँदैन, यदि हानि नोक्सानी हुने भए यो सूचना प्रकाशित भएको मितिले ७ दिनभित्रमा सबूत प्रमाणसहित नगरपालिकामा उजुर गर्न सूचित गरिन्छ । म्याद नाघी आएको उजुरी उपर कुनै किसिमको कारबाही नहुने व्यहोरा जानकारी गराइन्छ।

| क्र. सं. | कित्ता नम्बर | दिशा | नाम |
|---|---|---|---|
| १ | १८०३,४१९,३९१ र ३९० | पूर्व | बाटो |
| २ | ६४, १८०० र १८०३ | पश्चिम | |
| ३ | ६१ | उत्तर | |
| ४ | १८०१ र १८०३ | दक्षिण | |

**शिवसताक्षी नगरपालिका**
व्याङडाँडा झापा





## अर्थतन्त्रको...

अर्थ मन्त्रालयले पहिचान गरेका अर्थतन्त्रका ४६ चुनौती सामना गर्न २९ क्षेत्रमा सुधार आवश्यक रहेको र सोहीअनुरूप आगामी कार्यदिशा तय गर्नुपर्ने देखिएको पनि जनाएको छ । अहिले घटेको बजारको माग बढाउन सार्वजनिक खर्चलाई औचित्यपूर्ण र थप प्रभावकारी बनाउने गरी प्राथमिकीकरण गर्ने, पुँजीगत खर्च क्षमता अभिवृद्धि गर्ने, वित्त सुदृढीकरणमा जोड दिने, उत्पादनमा आधारित राजस्वमा जोड दिने, ऋणको प्रभावकारी उपयोग गर्ने, वित्त जोखिम कम गर्ने, लगानीको वातावरण निर्माण गरी आर्थिक वृद्धिलाई गति दिने, उत्पादनशील क्षेत्रमा लगानी बढाउनेलगायत सुझाव दिइएको छ । त्यस्तै, प्रत्यक्ष वैदेशिक लगानी भित्र्याउन यसका बाधा पहिचान गरी सुधार गर्ने, जलविद्युत उत्पादन र प्रसारणलाइन विस्तारमा जोड दिने, गुणस्तरीय सडक सञ्जाल निर्माण गर्ने, ग्रामीण सडक सञ्जाललाई कृषि उत्पादन र बजारीकरणसँग आबद्ध गर्ने, पुँजीगत खर्चको प्रभावकारिता बढाई आर्थिक वृद्धिमा सहयोग पुर्याउने, प्रशासनिक खर्चमा मितव्ययिता कायम गर्दै सरकारी लगानीलाई आर्थिक पूर्वाधारमा केन्द्रित गर्ने, बहुवर्षीय ठेक्काको सहमति दिइएका आयोजनाको स्रोत व्यवस्थापन गर्ने, वैदेशिक अनुदान र सहुलियतपूर्ण ऋणलाई राष्ट्रिय प्राथमिकताका क्षेत्रमा परिचालन गर्ने, जलवायुसँग सम्बन्धित कोषहरूको परिचालनमा जोड दिनेलगायत कार्यदिशा अवलम्बन गर्नुपर्ने देखिएको मन्त्रालयले जनाएको छ । त्यसै गरी सरकारको सञ्चित कोषलाई सन्तुलित अवस्थामा राख्ने, गैरबजेटरी मागलाई निरुत्साहित गर्ने, कर्जा प्रवाहलाई उत्पादनमूलक क्षेत्रमा निर्देशित गर्ने, कर्जाको गुणस्तर बढाउने र बढ्न थालेको खराब कर्जालाई नियन्त्रणमा राख्नुपर्ने उल्लेख छ । साना तथा मझौला उत्पादनमूलक व्यवसायलाई परियोजनामा आधारित कर्जा उपलब्ध गराउने, वित्तीय क्षेत्रमा स्थायित्व कायम गर्दै वित्तीय साधनको लागत घटाउने गरी मौद्रिक उपकरणमा लचकता कायम गर्ने, वित्तीय क्षेत्रको नियमनलाई प्रभावकारी बनाउने, वित्तीय सहकारीको नियमन गर्न दोस्रो तहको नियामक संयन्त्र निर्माण गर्ने कार्यदिशा अवलम्बन गरिनुपर्ने पनि मन्त्रालयले जनाएको छ । व्यापारघाटा नियन्त्रण गर्नेसम्बन्धी रणनीतिको कार्यान्वयनमा जोड दिने, विदेशी लगानी आप्रवाह बढाउन नीतिगत र कानुनी सुधार गर्ने, सम्झौता भएका सहुलियतपूर्ण विदेशी ऋण र अनुदानलाई प्राथमिकताका क्षेत्रमा अधिकतम परिचालन गर्ने तथा सर्तहरूमा सुधार गर्ने, वैदेशिक रोजगारीलाई थप प्रतिफलमुखी बनाउने, युवाहरूलाई स्वदेशमा रोजगारीका अवसर सिर्जना गर्ने, विप्रेषणलाई उत्पादनशील क्षेत्रमा लगानी गर्न प्रोत्साहन गर्नेलगायतका सुधारका प्रयास थालिनुपर्ने अर्थ मन्त्रालयको निचोड छ ।


## निक्षेपउपर हकदावी सम्बन्धि ३५ दिने सुचना

कोशी प्रदेश, झापा जिल्ला, मेचीनगर वडा नं.-१०मा बस्ने श्री गोपीनाथ शाहका छोरा,श्री शिबु शाहको मिति वि.सं.२०८१/०१/०१गते मृत्यु भएकोले निजको नाममा यस बैंकको शाखा कार्यालय धुलाबारीमा रहेको वचत खातामा रहेको निक्षेप रकम भुक्तानी तथा नामसारी गरी पाउँ भनी मृतककी श्रीमती सानो मल्लाहले मिति वि.सं.२०८१/०४/०८मा यस बैंकमा निवेदन दिनु भएको हुँदा उक्त निक्षेप रकमउपर निज निवेदक बाहेक अन्य कसैको हकदावी भए यो सूचना प्रकाशित भएको मितिले ३५(पैंतिस) दिनभित्र सबुत प्रमाणसहित सम्वन्धित शाखामा हकदावी गर्नुहुन यो सूचना प्रकाशित गरिएको छ । उक्त म्यादभित्र हकदावी गर्न नआएमा बैंक तथा वित्तीय संस्था सम्वन्धी ऐन, २०७३को दफा १११ को उपदफा २ बमोजिम हुने तथाउल्लेखित म्यादभित्र रितपूर्वक हकदावी गर्न नआएमा पछि कुनै उजुर नलाग्ने व्यहोरा समेत यसै सूचनाद्वारा सम्बन्धित सबैमा जानकारीका लागि सूचित गरिएको छ ।

एक्सेल डेभलपमेन्ट बैंक लि.
Excel Development Bank Ltd. तपाईंको स्थानीय साझेदार (Your Local Partner)
नेपाल राष्ट्र बैंकबाट 'ख' वर्गको इजाजतपत्र प्राप्त संस्था ( कोशी प्रदेश कार्यक्षेत्र भएको )
Birtamode, Jhapa
023-533564 | 534010
info@edb.com.np
www.edb.com.np


नव सञ्चार गृह प्रा.लि.द्वारा प्रकाशित तथा नव सञ्चार अफसेटमा मुद्रित । कार्यालय : भद्रपुर बस स्टेण्ड पश्चिम, गजुरमुखीटोल, बिर्तामोड (झापा) । फोन नं.: ०२३-५४३८२० । इमेल : pratidin65@gmail.com । अध्यक्ष : युवराज दाहाल । सम्पादक : इन्द्रसिंह राजवंशी

सम्पादकीय

## उद्योगीले महसुल तिर्नुपर्छ

नेपाल विद्युत प्राधिकरणका प्रमुख कुलमान घिसिङ फेरि एकपटक चर्चामा छन् ।

प्राधिकरणले केही उद्योगलाई बिजुलीको महसुल नतिरेको भन्दै लाइन काटेको काट्यै गरेपछि यो मुद्दाले राष्ट्रिय राजनीतिमा झट्का हानेको छ। त्यही बिजुलीको करेन्ट अर्थात् तरंगले देशको अर्थतन्त्र र व्यावसायिक वातावरणमा पनि नकारात्मक प्रभाव परेको छ।

प्राधिकरणले २०७२ माघदेखि २०७५ वैशाखको डेडिकेटेड फिडर तथा ट्रंक लाइनको बक्यौता उद्योगहरूले तिर्नुपर्ने अडान छाडेको छैन। उद्यमीहरू भने बिलको आधार र प्रमाण मागिरहेका छन्। ६ अर्ब ६० करोड ७८ लाख रुपैयाँको बक्यौता तिर्न दिएको समयसीमा नाघेको भन्दै प्राधिकरणले अस्ति भर्खरमात्रै अर्घाखाँची सिमेन्ट, रिलायन्स स्पिनिब मिल र घोराही सिमेन्ट उद्योगको बिजुली काट्यो। प्राधिकरणकै भनाइमा दुई दर्जन जति उद्योगले साढे ८ अर्ब रुपैयाँ तिर्न बाँकी राखेका छन्।

उद्योगी र प्राधिकरणबीच उत्पन्न विवादको समाधान खोज्न पूर्वन्यायाधीश गिरिशचन्द्र लालको संयोजकत्वमा समिति पनि बन्यो। त्यसको सुझाव कार्यान्वयन गरेको प्राधिकरण दाबी गर्छ। उद्योगी भने कार्यान्वयन नगरेको बरु हचुवामा महसुल लगाएको जिकिर गर्छन्।

राज्यको स्वामित्वमा रहेको विद्युत् प्राधिकरणसँग सरकारकै समेत द्वन्द्व देखिएको छ। स्वयं प्रधानमन्त्री केपी ओलीले यो मुद्दालाई गम्भीरताका साथ लिँदै बिजुली नकाट्न र जोडिदिन निर्देशन पनि गरे। तर प्राधिकरणले मानेन। प्राधिकरणकै आन्तरिक समितिले पनि एउटै सुझाव दिएको होइन यो विषय सुल्झाउन। अदालती मुद्दा पनि विचाराधीन छ। कुनै पनि उद्योगले प्रयोग गरेको बिजुलीको महसुल तिर्नुपर्छ। त्यसमा छुट मिनाहा गर्दा प्राधिकरणलाई थप घाटा पर्छ। अहिलेको विवाद चाहिँ नियमित बिजुलीको होइन नै, त्यो त उद्योगीले तिरेकै भन्ने छ। तर अतिरिक्त सुविधाको बिजुलीको विवाद सुल्झन सकेन।

महसुल नतिरे सर्वसाधारणका घरमा बिजुली तुरुन्तै काट्ने प्राधिकरणले उद्योगीका हकमा पनि त्यसै गरेको बुझिन्छ। तर जसरी सामान्य उपभोक्तालाई मासिक बिल जान्छ, उद्योगका हकमा आवश्यकताअनुसार अझ छोटो अवधिको पनि महसुल दिन सक्नुपर्छ। बिजुली प्रयोगको यथेष्ट प्रमाण दिनुपर्छ। आजको विज्ञानको युगमा बिजुलीको मिटर रिडिङ प्रक्रिया पक्कै आधुनिक हुनुपर्छ र त्यसको प्रमाण पनि। दैनिक लोडसेडिङ भएको बेला पूरै २४ घण्टा बिजुली उद्योगीले पाएका हुन् भने उनीहरूले पूरै महसुल तिर्नुपर्छ।

विद्युत् महसुल निर्धारण आयोगले भनेअनुसारको ६ घण्टाभन्दा कम लोडसेडिङ हुँदा अतिरिक्त महसुल लिन उपयुक्त हुँदैन। यो विवाद सुल्झाउन फेरि पनि छानबिन समिति गठन गरी मिहिन अध्ययन गर्ने र कुनकुन दिन कतिकति बिजुली प्रयोग भयो, त्यतिबेला कति लोडसेडिङ थियो भन्ने यकिन गरी समाधान निकाल्नुपर्छ।

Pratidin National Daily
प्रतिदिन

तपाई जहाँ भएपनि
प्रतिदिन दैनिक तपाईंसँगै
ताजा र विश्वसनीय खबरको लागि
लगइन गर्नुहोस
www.pratidindaily.com

# स्वास्थ्य सेवामा गरिबको पहुँच कसरी बढाउने?



• डा. राजु लौडारी

नेपालजस्ता न्यून विकसित देशहरूमा छिटो तथा गुणस्तरीय स्वास्थ्य सेवा सहरमा बस्ने, सम्पन्न र पहुँच भएका मानिसमा सीमित देखिन्छ ।

नेपालको संविधानले स्वास्थ्य सेवालाई मौलिक हक मानेको छ। संविधानले ‘ आधारभूत स्वास्थ्य सेवा निःशुल्क हुनेछ’ र ‘कसैलाई पनि आकस्मिक स्वास्थ्य सेवाबाट बञ्चित गरिने छैन’ भनेको छ। यसैगरी ‘प्रत्येक नागरिकलाई स्वास्थ्य सेवामा समान पहुँचको हक हुनेछ’ पनि भनिएको छ।

यस्तो मौलिक हक भनेको कुनै पनि विभेदबिना स्वास्थ्य सेवा पाउने अधिकार हो। संविधानमै यस्तो व्यवस्था भए पनि किन धेरै नेपालीले समयमै राम्रो उपचार नपाएर ज्यान गुमाउनु परेको छ? किन समयमै प्रसूति सेवा नपाएर आमा र शिशुको ज्यान जोखिममा परेको छ?

हालै कार्यान्वयनमा आएको सोह्रौं आवधिक योजनामा उल्लेख भएअनुसार नेपालमा जन्मेका प्रतिहजार बालबालिकामध्ये पाँच वर्षभित्र ३३ जनाको मृत्यु हुन्छ।

प्रोटोकल अनुसार गर्भको अवधिभर चारपटक जाँच गराउन नपाउने महिलाको संख्या २० प्रतिशत छ। सुत्केरी हुँदा एक लाख आमामध्ये १५१ जनाको मृत्यु हुने गरेको छ।

यस्तै, एक हजार जनसंख्याका लागि दुई जनाका दरले स्वास्थ्यकर्मी छन्। स्वास्थ्य क्षेत्रको कुल खर्चमा व्यक्तिगत तहमा ५४.२ प्रतिशत खर्च छ। यो निकै ठूलो परिमाण हो। श्रम र उत्पादकत्वमा स्वस्थ मानिसको योगदान अधिक हुन्छ। स्वस्थ आमाबाबुबाट जन्मिने बच्चा पनि सामान्यता स्वस्थ नै हुन्छ। स्वस्थ जनसंख्याले देशको आर्थिक विकासमा बल पुऱ्याउँछ।

स्वास्थ्य सेवा सबै व्यक्तिले समान रूपमा पाउन सकेका छैनन्। आर्थिक रूपमा गरिब व्यक्ति र विकट भौगोलिक क्षेत्रका बासिन्दा राम्रो स्वास्थ्य सेवा पाउनमा निकै पछाडि छन्। यसो हुनुमा केही खास कारण छन्।

पहिलो कारण हो महँगो उपचार खर्च

स्वास्थ्य सेवामा पहुँच र उपचार खर्च बेहोर्न सक्ने सामर्थ्य फरक विषय हुन्। कुनै व्यक्ति राम्रो अस्पतालको नजिकमा छ तर त्यहाँ उपचार गराउन सक्ने आर्थिक सामर्थ्य छैन भने उसका लागि त्यो अस्पताल हुनु र नहुनले केही पनि फरक पर्दैन।

गुणस्तरीय उपचारका लागि निजी अस्पताल नै जानुपर्ने वर्तमान अवस्थाले स्वास्थ्य सेवा गरिबले धान्नै नसक्ने गरी खर्चिलो भएको छ। स्वास्थ्य बीमा गरेको छ भने पनि धेरै महँगो सेवाले गर्दा ठूलो जनसंख्या गुणस्तरीय स्वास्थ्य सेवाबाट बञ्चित हुनुपरेको छ।

करिब मासिक १५ हजार रूपैयाँ प्रतिव्यक्ति आय भएको हाम्रो देशमा स्वास्थ्य सेवामा मासिक पाँच सय रूपैयाँ खर्च गर्दा पनि कुल आम्दानीको तीन प्रतिशत हुन आउँछ।

दोस्रो कारण हो यातायात सेवा सहज नहुनु

राम्रो सडक सञ्जाल वा नियमित हवाई सेवा नभएका दुर्गम तथा ग्रामीण क्षेत्रहरूमा उपचार सेवा र प्रसूति सेवा समयमा पाउन नसक्दा ज्यानै जाने घटना हुने गरेका छन्। जब कि उपचार पाएको भए ज्यान जाने थिएन।

हेलिकप्टर चार्टर गरेर उपचारमा जान सक्ने परिवार नगन्य मात्र छन्। दुर्गम क्षेत्रमा हेलिप्याड पनि नजिकमा नहुन सक्छ।

‘नेपालको जनसंख्या तथा घरधुरी गणना, २०२१’ अनुसार १५ देखि ४९ वर्ष उमेर समूहका महिलामा औसतमा ५ प्रतिशत मृत्यु गर्भसम्बन्धी कारणले मृत्यु हुने गरेको छ। यही मृत्यु बाग्मती प्रदेशमा ३ प्रतिशत र कर्णाली प्रदेशमा ९ प्रतिशत छ। यसबाट यातायात सेवा नहुँदा स्वास्थ्य उपचारमा नकारात्मक प्रभाव परेको स्थिति प्रस्ट हुन्छ।

सरकारी अस्पतालको सेवा सन्तोषजनक नहुनु तेस्रो समस्या हो

थोरै सरकारी अस्पतालको सेवाप्रति विश्वास देखिए पनि समग्रमा सरकारी अस्पतालप्रति धेरै गुनासो छ। समयमै उपचार पाइँदैन, चिकित्सकहरू न्यूनतम आवश्यक समय पनि दिँदैनन्, सरसफाइ राम्रो छैन भन्ने गुनासो र बुझाइ पाइन्छ।

सरकारी अस्पतालको सेवा सन्तोषजनक नहुनुका तीन मुख्य कारण छन् - अस्पतालको व्यवस्थापन परम्परागत हुनु, अस्पताल व्यवस्थापन र नियमित काममा राजनीतिक हस्तक्षेप हुनु, चिकित्सकहरू निजी क्लिनिक र निजी अस्पतालमा तल्लीन हुनु।

चौथो कारण हो सरकारी स्वास्थ्य संस्थामा स्वास्थ्यकर्मी अभाव

नेपालको ‘दस वर्षीय स्वास्थ्य मानवस्रोत राष्ट्रिय रणनीति’ अनुसार स्वास्थ्य संस्थामा स्वीकृत दरबन्दीको ७१ प्रतिशत जनशक्ति मात्र पदपूर्ति हुन सकेको छ। सरकारी स्वास्थ्य संस्थामा करिब नौ हजार दरबन्दी पूर्ति नहुँदा उनीहरूले दिने सेवा पाउनबाट नागरिकहरू बञ्चित भएका छन्।

यसको प्रत्यक्ष असर दुर्गम क्षेत्रका बासिन्दा र गरिब जनतामा बढी परेको छ। आर्थिक रूपमा गरिब मानिसको पहिलो रोजाइमा सरकारी अस्पताल र स्वास्थ्य केन्द्र हुन्छन्। त्यहाँ आवश्यकता अनुसार स्वास्थ्यकर्मी नहुँदा सेवामा असर परेको छ। समयमा उपचार नपाएपछि निजी स्वास्थ्य संस्थाबाट महँगो सेवा लिन बाध्य हुनु परेको छ।

दुर्गम क्षेत्र स्वास्थ्यकर्मीको रोजाइमा पर्दैन। दुर्गमका स्वास्थ्य संस्थाहरूमा धेरै पद रिक्त रहन्छन्। नभई नहुने चिकित्सक हुँदैनन्। यस्तो अवस्थामा दुर्गम क्षेत्रकै बासिन्दा मारमा पर्छन्। नेपाल जस्ता न्यून आय भएका देशहरूले वार्षिक रूपमा कुल गार्हस्थ उत्पादनको करिब ५ प्रतिशत स्वास्थ्य क्षेत्रमा खर्च गर्ने गरेका छन्। उच्च आय भएका देशहरूले कुल गार्हस्थ उत्पादनका करिब १३ प्रतिशत स्वास्थ्य क्षेत्रमा खर्च गर्छन्।

उच्च आय भएका देशहरूमा गरिब र धनी सबै नागरिक स्वास्थ्य बीमामा आबद्ध हुन्छन्। बीमा भएपछि उपचारबाट बञ्चित हुनुपर्दैन। विकसित देशहरूको अनुभव हेर्दा सबै नेपालीमा गुणस्तरीय स्वास्थ्य सेवाको पहुँच पुऱ्याउन केही सुधार गर्न अत्यावश्यक छ।

स्वास्थ्य बीमाको दायरा बढाउने

नेपालमा हालसम्म २१ प्रतिशत जनसंख्या मात्र स्वास्थ्य बीमामा आबद्ध छ। यसमध्ये पनि ६९ प्रतिशतले मात्र अर्को वर्ष नवीकरण गरेका छन्। यसको अर्थ एकपटक स्वास्थ्य बीमा गरेकामध्ये ३१ प्रतिशत मानिसले अर्को वर्ष निरन्तरता दिन चाहेनन्। यसो हुनुको पनि केही कारण छ।

विशेषज्ञ र विशिष्टीकृत सेवा स्वास्थ्य बीमामा जोडिएको छैन। स्वास्थ्य बीमा र स्वास्थ्य सेवाको गुणस्तर अन्तरसम्बन्धित छन्। सरकारी अस्पताल र स्वास्थ्य केन्द्रले दिने सेवा छिटोछरितो, गुणस्तरीय र विश्वसनीय बनाउन नसक्दा बिरामीहरू निजी अस्पतालमा जान बाध्य हुन्छन्।यही कारणले स्वास्थ्य बीमाको दायरा र प्रभावकारिता पनि बढ्न सकेको छैन।

निजी अस्पतालमा उपचार गराउँदा विशेष प्रकृतिका रोगबाहेक स्वास्थ्य बीमाबापत एक परिवारले ८० हजार रुपैयाँ बराबरको मात्र सेवा पाउँछ। निजी अस्पतालमा उक्त रकम एउटा सानो शल्यक्रियाका लागि पनि पुग्दैन। यसो भएपछि कम आयको परिवारका व्यक्तिका लागि स्वास्थ्य बीमाको सुविधामा उपचार गराउन सरकारी अस्पतालमै जानुपर्ने हुन्छ। यसो भनेर ६० प्रतिशतभन्दा बढी बिरामीलाई सेवा दिइरहेका निजी अस्पतालहरूको महत्त्व र आवश्यकता कम आकलन गर्न खोजिएको होइन।

दुरचिकित्सा र अनलाइन सेवा प्रभावकारी बनाउने

दुरचिकित्सा विधिबाट बिरामी जाँच गर्न ‘ भिडि कन्फरेन्सिङ’ वा ‘क्लाउड बेस्ड डाटा’ प्रयोग गरिन्छ। यसमा बिरामी अस्पताल जानु नपर्ने वा चिकित्सक बिरामीकोमा पुग्नु नपर्ने भएकाले कम खर्चमा सेवा प्राप्त हुन्छ। सामान्य बिरामीको जाँच र काउन्सिलिङमा यो विधि बढी उपयोगी हुन्छ।

स्वास्थ्य तथा जनसंख्या मन्त्रालयले २०७७ सालमा दुरचिकित्सा सेवा र अनलाइन स्वास्थ्य सेवासम्बन्धी कार्यविधि ल्याए पनि कार्यान्वयन निकै फितलो छ। आमनागरिकलाई अनलाइन स्वास्थ्य सेवाबारे जानकारी नै छैन, उनीहरूले लाभ पनि लिन पनि सकेका छैनन्। स्वास्थ्य जाँच र अन्य सेवाबापतको भुक्तानी गर्ने धेरै अनलाइन माध्यमहरू छन्। यस अवस्थामा दुरचिकित्सा बढाउन सक्दा गरिब तथा दुर्गम क्षेत्रका बासिन्दाले पनि सहजै गुणस्तरीय स्वास्थ्य सेवा पाउन सक्छन्।

घुम्ती क्लिनिक चलाउने

दुर्गमता र यातायातको समस्याका कारण स्वास्थ्य सेवाबाट बञ्चित मानिसहरूका लागि पायक पर्ने ठाउँमा विशिष्टीकृत सेवासहित घुम्ती स्वास्थ्य क्लिनिक चलाउनुपर्छ। यसो गर्दा न्यून लागतका राम्रो सेवा पाउन सक्छन्। टाढा लैजान कठिन हुने वृद्धका लागि पनि सजिलो हुन्छ।

स्वयंसेवी संघसंस्था तथा केही अस्पतालहरूले घुम्ती स्वास्थ्य क्लिनिक गरेका छन्। यसबाट ठूलो संख्यामा बिरामीले निदान तथा उपचारको सेवा पाएका राम्रा उदाहरणहरू पनि छन्। यतिले मात्र पुग्दैन, सरकारी नीति र योजनामा नै सुधार गरी घुम्ती क्लिनिक व्यापक बनाउनुपर्छ।

विशिष्टीकृत सेवा दिने सरकारी र निजी अस्पतालले सेवाको निश्चित प्रतिशत दुर्गम क्षेत्रका बासिन्दालाई केन्द्रित गरी घुम्ती सेवा दिनुपर्ने बाध्यकारी व्यवस्था गर्नुपर्छ। यसबाट अस्पताल जान नसक्ने गरिब तथा वृद्धहरूले उच्चतम लाभ लिन सक्नेछन्।

आधारभूत सेवा र विशेषज्ञ स्वास्थ्य छुट्ट्याउने

हामी नेपालीमा सामान्य बिरामी पनि विशेषज्ञ चिकित्सककोमा गइहाल्ने अभ्यास छ। यसले बिरामीको खर्च बढी हुन्छ, विशेषज्ञ चिकित्सकको कामको बोझ पनि बढ्छ। बढी समय दिनुपर्ने बिरामीलाई चिकित्सकले समय दिन नसक्ने हुन्छ। बिरामी व्यक्तिले लामो समय कुर्नुपर्ने हुन्छ।

पहिले नै रोग पहिचान भएर उपचार गराइरहेका बिरामीबाहेक अरूले विशिष्टीकृत सेवाका लागि जानुअघि आधारभूत सेवाका स्वास्थ्यकर्मीबाट जाँच गराउनु राम्रो हुन्छ। यस्तो जाँचबाट विशेषज्ञ चिकित्सककोमा जान आवश्यक हुँदा मात्र रिफर गर्ने अभ्यास गर्नु आवश्यक हुन्छ।

स्वास्थ्य बीमा बोर्डले यस्तो अभ्यास व्यावहारिक बनाउने प्रयास गरेको छ तर यससम्बन्धी कानुनी व्यवस्था छैन। कानुनी व्यवस्था नहुँदासम्म आधारभूत र विशिष्टीकृत सेवा छुट्ट्याएर उपचार सहज बनाउन कठिन हुन्छ।

चिकित्सकको पढाइ खर्च निर्मम रूपमा घटाउने

निजी अस्पताल तथा क्लिनिकमा चिकित्सकले बिरामी जाँचेको पाँच सयदेखि हजार रूपैयाँसम्म लिने गरेको पाइन्छ। लाखौं खर्च गरेर पढेको चिकित्सकले बिरामी जाँचमा त्यति शुल्क लिन पाउनु न्यायसंगत मान्न सकिएला तर दिनभर काम गरेर छाक टार्नुपर्ने व्यक्तिका परिवारलाई कदापि न्याय हुँदैन। यस्तो समस्या समाधानको पनि उपाय हुन सक्छ।

चिकित्सक उत्पादन गर्ने कलेजहरूको वास्तविक आम्दानी र खर्च हिसाब गरेर हालको शुल्क कति घटाउन सकिन्छ भन्ने अध्ययन गर्नुपर्छ। यसरी केही मात्रामा घटाउन सकिने हुन सक्छ। सरकारले चिकित्सा शिक्षा पढ्ने सबै विद्यार्थीलाई निश्चित छात्रवृत्ति दिएर पढाइ खर्च घटाउनुपर्छ र अन्य प्राविधिक विषय पढ्दा लाग्ने खर्चको स्तरमा झार्नुपर्छ।

प्रत्येक चिकित्सकले आफूले जाँच्ने बिरामीमध्ये निश्चित प्रतिशतलाई गरिब बिरामीलाई निःशुल्क जाँच्नुपर्ने कानुनी व्यवस्था गर्नुपर्छ। वास्तविक गरिब पहिचान गर्ने काम सजिलो छैन तर स्थानीय सरकार प्रत्येक परिवारको नजिकमा रहेकाले धेरै गाह्रो पनि छैन।

स्वास्थ्य उपचारको खर्च नेपाल जस्ता कम विकसित देशहरूको तुलनामा उच्च आय भएका देशहरूमा निकै बढी छ। त्यहाँ बहुसंख्यक मानिसको आय जीवन निर्वाहका लागि चाहिने न्यूनतमभन्दा माथि हुन्छ। प्रत्येक नागरिकलाई स्वास्थ्य बीमामा आबद्ध गरिएको हुन्छ। स्वास्थ्य सेवाको गुणस्तरमा पनि सम्झौताको अवसर हुँदैन।

स्वास्थ्य नै मानिसको सबभन्दा ठूलो सम्पत्ति मानिन्छ। मानवपुँजी राज्यको विकासको मूल आधार मानिन्छ। कुनै विभेद नगरी सबै नागरिकले गुणस्तरीय स्वास्थ्य सेवा पाउने व्यवस्था मिलाउने जिम्मेवारी राज्यको हो। यसबाट देशमा मानवपुँजीको क्षमता अभिवृद्धि हुने आधार तयार हुन्छ।

सर्वसुलभ र गुणस्तरीय स्वास्थ्य सेवा सुनिश्चित गर्ने गरी समग्र स्वास्थ्य सेवामा रूपान्तरणकारी सुधार गर्न अब ढिलो गर्नु हुँदैन। चल्तीको दैनिक कामबाट अलिक फरक ढंगले सोचेर सुधारको अभियान अघि बढाउन आवश्यक भएको छ।

# बाढीपहिरोले निम्त्याउने दुर्भाग्य



• डा. रामहरि पौड्याल

‘भगवान्‌ले यी रुखलाई ध्यान दिनुहुन्छ; खडेरी, रोग, हिमपहिरो, एक हजार आँधी र बाढीबाट तिनीहरूलाई जोगाउनुहुन्छ तर उहाँले तिनीहरूलाई मानिसरूपी मूर्खबाट बचाउन सक्नुहुन्न ।’ -जोन मुइर

बाढी जलवायु सङ्कटको सबैभन्दा ठुलो र पीडादायी परिणाममध्ये एक हो । यसले विश्वभरका समुदायलाई बढ्दो प्रभाव पार्छ । मानव पीडा र आर्थिक लागतमा पर्ने प्रभावको आँकडा डरलाग्दो छ । विगत दुई दशकमा बाढीपहिरोबाट अर्बौं मानिस प्रभावित भएका छन् । यी प्रकोपले अन्तर पुस्ता गरिबी, बसाइँसराइ र भूराजनीतिक अस्थिरता निम्त्याउन सक्छन् । मानिस बाढीका दुःखद प्रभावको समस्यासँग आक्रान्त छन्, त्यो वैश्विक समस्यासँग जुध्न सङ्घर्ष गरिरहेका छन् । सरकारहरूले आउँदा दशकमा उनीहरूको विपत् व्यवस्थापन प्रतिक्रिया र उपकरणलाई प्राथमिकता दिने र राहत कार्यमा गति दिँदै जलवायुजन्य यस्ता विपत्लाई मापन गर्ने बताइरहे पनि एउटै देशमा र एकै समयमा आउन सक्ने बाढीपहिरोको रोकथामको तयारी र प्रतिकार गर्न समुदायले लामो समयदेखि सङ्घर्ष गरेका छन् । यो स्थिति नेपाल जस्ता गरिब देशमा अझ भयावह देखिन्छ ।

वर्षाका कारण उत्पन्न घटना घातक हुँदै गइरहेका छन् । विश्वका सरकार बढ्दो तापक्रम, अनावृष्टि, अतिवृष्टिलगायतका अति मौसमका घटनाका कारण बढ्दो जोखिमको सामना गर्न असफल भएका छन् ।

नेपालको स्थिति

गत सातादेखि देशव्यापी परेको अविरल पानीले निम्त्याएको बाढीपहिरोले देश आक्रान्त छ । गत असारमा मुग्लिङ क्षेत्रमा दुई वटा यात्रुवाहक बस एकैचोटि पहिरोको चपेटामा परे । उता देशभरि यो बाढीको वितण्डाका दुःखद समाचार आउने क्रम बाकी नै छ । नेपालले भोग्ने यो नियति हरेक वर्ष दोहोरिरहने घटना हुन् ।

नेपालले विगत तीन दशकमा बाढीबाट औसत नौ अर्ब, पहिरोबाट डेढ अर्ब र भूकम्पबाट नौ खर्ब रुपियाँ बराबरको प्राकृतिक प्रकोपजन्य क्षति भोगिरहेको छ । प्राकृतिक प्रकोपको ग्लोबल इन्डेक्स अनुसार नेपाल वातावरणीय जोखिमका हिसाबले विश्वकै चौथो सबैभन्दा जोखिमयुक्त देश हो । यो ग्लोबल इन्डेक्स अनुसार भूकम्पमा ११ औँ र बाढीको जोखिममा १३ औँ स्थानमा रहेको छ । नेपाल भौगोलिक हिसाबले त्यस्तो जोखिमपूर्ण देश हो, जहाँ दुई सय ग्लेसियरमध्ये २० वटा जुनसुकै बेला विस्फोट हुन सक्ने खतरामा रहेको तथ्य इसिमोडलगायतको अनुसन्धानले प्रस्ट्याएको छ । यो खतराको सिकार नेपाल मात्रै नभएर तल्लो तटीय क्षेत्रमा बसोबास गर्ने लाखौँ मानिससमेत हुन सक्ने सम्भावना धेरै सोचनीय विषय हो । नेपालले समयमै गम्नुपर्ने र समाधानका लागि दीर्घ योजना बनाउनुपर्ने विषय हो ।

नदी व्यवस्थापन एवं जलउत्पन्न विपत् जोखिम न्यूनीकरणका लागि उपयुक्त प्रविधिको विकास र जलवायु परिवर्तन अनुकूलनका प्रश्न, समस्या र समाधानमाथि गरिने अनुसन्धान र तत्सम्बद्ध विकास कार्यमा सरकारी निकाय, विश्वविद्यालय, अनुसन्धान केन्द्रहरू, विकास साझेदार निजी तथा गैरसरकारी संस्था तथा अन्य सरोकारवालाको संलग्नता र सहकार्यलाई सनिश्चित गरिने छ (नदी तथा जल उत्पन्न विपत् व्यवस्थापन राष्ट्रिय नीति २०८०) । कानुनमा यस्तो लेखिए पनि अनुसन्धान कार्यमा विश्वविद्यालयहरूलाई समावेश नगरिनु नै नेपालको विकासको एउटा तितो यथार्थ हो ।

दुःखको कुरा मुलुकलाई प्राकृतिक विपत्ले यसरी पूरै छोपिसक्दा मात्रै सरकारी संरचना जल तथा मौसम नीति कस्तो बनाउने भन्ने विमर्शमा हुनु शोभनीय होइन । अत्यावश्यक यो नीति बनाउन भएको ढिलाइले मौसमसम्बन्धी कानुन र अन्य संरचनात्मक व्यवस्था गर्न कठिनाइ भइरहेको छ । अर्कातिर प्रस्तावित ऊर्जा विधेयक संसद्मा धेरै लामो समयदेखि विचाराधीन छ । हाम्रा नीतिनिर्माताको ध्यान त्यता गएको देखिँदैन ।

इसिमोडले एक अध्ययन अनुसार करिब ४७ वटा हिमताल कुनै पनि समय फुट्ने सक्ने खतरामा रहेका र तिनले तल्लो तटीय क्षेत्रमा ठुलो धनजनको नोक्सानी पुऱ्याउन सक्ने अनुमान गरिएको छ । पर्याप्त वन र जैविक विविधता संरक्षण गर्न नसक्ने हो भने पृथ्वीको सतहको तामक्रम थप वृद्धि हुने र अनपेक्षित मौसमी घटना बढन गई पहाडी क्षेत्रका मानिस आधारभूत आवश्यकता प्राप्त गर्न बसाइँसराइ गर्नुपर्ने र त्यसले थप आर्थिक सङ्कट निम्त्याउने लगभग निश्चित छ । पृथ्वीको तापक्रम बढ्नुमा फोसिल फ्युलको अत्यधिक प्रयोग एउटा प्रमुख कारण मानिएको छ । हरेक वर्ष फ्युलको नाममा देशको करिब तीन खर्ब पुँजी विदेश जाने परम्परा नै बसिसकेको तितो यथार्थ हाम्रोसामु छ । उक्त तथ्यलाई मनन गरी वातावरण र जलवायुमैत्री जलविद्युत् उत्पादन गर्न सकियो भने मात्र एकातिर प्राकृतिक स्रोतको सदुपयोग हुने र अर्कोतिर विदेशमा हुने पुँजी पलायन न्यून गर्न सकिने देखिन्छ ।

नेपाल विद्युत् प्राधिकरणका अनुसार आर्थिक वर्ष २०२२-२३ मा दक्षिणी छिमेकी मुलुकमा एक हजार १० करोड

❖ बाँकी तेस्रो पृष्ठमा

# यातायातमा दुई दिनदेखि सर्भर डाउन

झापा(प्रस) ।दुई दिनदेखि सर्भर डाउन हुँदा देशभरको यातायात कार्यालयका सेवा ठप्प भएका छन्। सेवा लिन गएका सेवाग्राही र कर्मचारीबीच तनावको अवस्था पनि सिर्जना भएको छ। यातायात कार्यालयहरू



अस्तव्यस्त छन्।
सेवा प्रवाहमा व्यस्त सरकारी कार्यालयमध्ये यातायात व्यवस्था मुख्य हुन्। यातायात कार्यालय सधैं भीडभाड नै हुन्छन्। काठमाडौंका चार कार्यालयले मात्रै दैनिक ४ हजारभन्दा बढीलाई सेवा दिने गरेका छन्। देशभर यातायात कार्यालयबाट दैनिक हजारौंले सेवा लिने गरेका छन्।

काम नभएपछि सेवाग्राहीहरू कर्मचारीमाथि खनिन थालेका छन्। कर्मचारीमाथि हातपातको अवस्था पनि ठाउँ-ठाउँमा हुने अवस्था आएको छ।
कतिपय कार्यालयमा सेवाग्राहीको आक्रोशका कारण कर्मचारी दिउँसै कार्यालय छाडेर हिँडेका छन्। यातायात व्यवस्था कार्यालय सवारीचालक अनुमतिपत्र, ठूलो भन्ज्याङका प्रमुख विमलप्रसाद भट्टराईले सर्भर डाउन हुँदा कार्यालयहरू ठप्प भएको पुष्टि गरे। उनले भने, 'सर्भर डाउन हुँदा सेवा प्रवाह अवरुद्ध भएको छ, कार्यालयहरू ठप्प छन् ।'
उनले यो समस्या तत्काल सुधार गर्नुपर्ने औंल्याउँदै त्यसले कर्मचारी र सेवाग्राहीबीच दरार सिर्जना भएको बताए। सर्भर समस्या दीर्घकालीन रूपमा समाधान गर्नुपर्ने उनको भनाइ छ।
यातायात व्यवस्था विभागका निर्देशक एवं सूचना अधिकारी ईश्वरीदत्त पनेरूले सर्भर डाउन भएकाले समस्या आएको जानकारी दिए। 'अहिले सर्भर डाउन भएर देशभरका यातायात कार्यालयको काम प्रभावित भएको छ। तर, प्राविधिक विषय भएकाले के समस्या हो, कहिले बन्छ भन्ने मलाई पनि थाहा भएन,' उनले भने। उनले आकस्मिक (अर्जेन्ट) सेवा भने सञ्चालनमा रहेको दाबी गरे। यस्तो समस्या पटक-पटक आउने गरेको छ। बारम्बार सर्भर समस्याको कारण सेवाग्राहीले हैरानी र दुःख पाउँदै आएका छन्। यसको समाधानमा सरकार गम्भीर भएको देखिँदैन।
सवारीचालक अनुमतिपत्रको बायोमेट्रिकको अनलाइन फारम भरेर मिति दिइसकेर कार्यालय पुगेकादेखि सवारीचालक अनुमतिपत्र नविकरण गर्न पुगेका सेवाग्राही खाली हात फर्किनु परेको छ ।

# मनसुनयता बाढीपहिरोमा परी १ सय ३३ को मृत्यु



झापा(प्रस) ।मनसुनी वर्षाका कारण आएको बाढीपहिरोलगायत विपद्मा परेर गत जेठ २८ गते यता एक सय ३३ जनाको मृत्यु भएको छ । प्रहरी प्रधान कार्यालयका अनुसार सो अवधिमा १४५ जना घाइते भएका छन् भने सिमलताल घटनाबाहेक सात जना बेपत्ता रहेका छन् ।
प्रहरी प्रवक्ता, प्रहरी नायब महानिरीक्षक दानबहादुर कार्कीले काठमाडौँ उपत्यकामा दुई, कोशी प्रदेशमा २२, मधेस प्रदेशमा छ, बागमती प्रदेशमा २५, गण्डकी प्रदेशमा ३८, लुम्बिनी प्रदेशमा २३, कर्णाली प्रदेशमा सात र सुदूरपश्चिम प्रदेशमा १० जनाको मृत्यु भएको बताए । उनका अनुसार काठमाडौँ उपत्यकामा नौ, कोशी प्रदेशमा ३४, मधेस प्रदेशमा नौ, बागमती प्रदेशमा सात, गण्डकी प्रदेशमा २९, लुम्बिनी प्रदेशमा नौ, कर्णाली प्रदेशमा ३४ र सुदूरपश्चिम प्रदेशमा १४ गरी एक सय ४५ जना घाइते भएका छन् ।

काठमाडौँ उपत्यकामा एक, कोशी प्रदेशमा ४९, गण्डकी प्रदेशमा १२ र सुदूरपश्चिम प्रदेशमा पाँच गरी ६७ जनाको उद्धार गरिएको छ । बाढीपहिरामा परी सात जना बेपत्ता रहेको जनाइएको छ । उक्त अवधिमा विपद्का घटनाबाट चार हजार १८ परिवार विस्थापित भएका छन् ।

# एक लाख १२ हजारभन्दा बढी विद्यार्थीले लिए एनओसी

झापा(प्रस) । गत आर्थिक वर्ष २०८०/०८१ मा एक लाख १२ हजार भन्दा बढी विद्यार्थी अध्ययनका लागि विदेश गएका छन् ।
शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय अन्तर्गतको वैदेशिक अध्ययन अनुमतिपत्र (एनओसी) शाखाको तथ्याङ्क अनुसार एक वर्षमा एक लाख १२ हजार ५९३ जनाले एनओसी लिएका हुन् ।२०८० साउन १ गतेदेखि २०८१ असार ३१ गतेसम्म उक्त संख्यामा एनओसी जारी भएको हो । नेपालीहरूले विभिन्न ६६ देशमा अध्ययन गर्न जान एक लाख १२ हजार ५९३ जनाले एनओसी लिएका छन् । भने ९४ विषय अध्ययनका लागि एक लाख १२ हजार २६९ जनाले एनओसी लिएका छन् । नयाँ एनओसी जारी गर्दा पुरानो एनओसी पत्र रद्द हुने भएकाले देशगत र विषयगत तथ्याङ्क फरक पर्न गएको एनओसी शाखाले जनाएको छ ।
त्यसरी अध्ययनका लागि सबैभन्दा बढी जापान गएका छन् । जापानका लागि ३४ हजार ७३१ विद्यार्थीले एनओसी लिएका छन् । त्यस्तै दोस्रोमा क्यानडाका लागि रहेका छन् । क्यानडाका लागि १५ हजार ९८२ जनाले एनओसी लिएका छन् ।

त्यस्तै अस्ट्रेलियाका लागि १४,३७२, युकेका लागि १३,३३९, अमेरिकाका लागि ११,२६१ जना, कोरियाका लागि ६,८८९ जनाले एनओसी लिएका छन् ।
त्यस्तै म्यानेजमेन्टका लागि २८,८९१, बिजनेसका लागि १०,०२९, हेल्थ पढ्नका लागि ४,१५९, साइन्स एन्ड टेक्नोलोजी पढ्न ४१०२ एनओसी जारी भएका छन् ।

# रोजगारीका लागि नेपाल आउनेमा चिनियाँ नागरिक सबैभन्दा बढी



झापा(प्रस) ।नेपालमा रोजगारीका लागि सबैभन्दा बढी श्रम स्वीकृति लिनेमा चिनियाँ नागरिक रहेको श्रम तथा व्यवसायजन्य सुरक्षा विभागले जनाएको छ ।
विदेशमा काम गर्नका लागि नेपालबाट हरेक दिन औसतमा

❖ बाँकी अन्तिम पृष्ठमा

# २२ वर्षीया युवतीमाथि जबरजस्ती करणी



झापा(प्रस) ।२२ वर्षीया युवतीलाई जबरजस्ती करणी गरेको आरोपमा एक जना पक्राउ परेका छन् । रावाबेसी गाउँपालिका-२ खार्पा बस्ने ३२ वर्षीय टेकबहादुर नेपालीलाई सोमबार बिहान प्रहरीले पक्राउ गरेको हो ।
नेपालीले ती युवतीलाई आफ्नै घरमा लगी आइतबार बिहान जबरजस्ती करणी गरेको भन्ने उजुरीको आधारमा जिल्ला प्रहरी कार्यालय खोटाङबाट खटिएको प्रहरीले उनलाई पक्राउ गरेको जानकारी दिएको छ । यस सम्बन्धमा प्रहरीले आवश्यक अनुसन्धान गरिरहेको छ ।

# आन्तरिक मामिला मन्त्री र सचिबबीच कार्यसम्पादन सम्झौता



झापा(प्रस) । कोशी प्रदेशका आन्तरिक मामिला तथा कानुनमन्त्री लीलाबल्लभ अधिकारी र मन्त्रालयका निमित्त सचिव कमलबहादुर थापाबीच कार्यसम्पादन सम्झौता भएको छ ।
प्रदेश सुशासन (व्यवस्थापन तथा सञ्चालन) ऐन २०७६ र नियमावली २०७७ अनुसार मन्त्रीले कार्य सम्झौता गरेका हुन् ।
मुख्यमन्त्री हिक्मतकुमार कार्कीले सबै मन्त्रीहरुलाई साउन १५ गतेभित्र कार्यसम्पादन सम्झौता गर्नलाई निर्देशन दिएका थिए । सोही अनुरुप मन्त्रालयले सम्झौता गर्न सुरु गरेको हो।

मुख्यमन्त्री कार्कीले १५ गतेभित्र मन्त्रीलाई सचिवसँग र सचिवले मातहतका कार्यालय प्रमुख र महाशाखा प्रमुखसँग सम्झौता गर्नका लागि निर्देशन दिएका थिए । उनले साउन १ गतेदेखि नै लागू हुनेगरि प्रमुख सचिवसँग कार्यसम्पादन सम्झौता गरेका छन् । कार्यसम्पादन गरेपछि मन्त्रालय र माताहतका काम गर्न सजिलो हुनेछ ।

# हल्दिबारीमा करेन्ट लागेर महिलाको मृत्यु



झापा(प्रस) । मोरङको बेलवारी नगरपालिका-७ हल्दिबारीमा ५१ बर्षीया पन्तिदेवी चौधरीको करेन्ट लागेर मृत्यु भएको छ ।
सोमवार साँझ ७ बजे आफ्नै घरमा टिनको छानामा राखेको फलामको रड निकाल्ने क्रममा अचानक करेन्ट लागेर उनी घाइते भएकी थिइन् । उनलाई उपचारको लागि बिराट टिचिङ अस्पताल बिराटनगर लगिएकोमा चेकजाँचको क्रममा डाक्टरले मृत घोषित गरेका थिए ।घटना सम्बन्धमा इलाका प्रहरी कार्यालय बेलवारीबाट थप अनुसन्धान भइरहेको जनाइएको छ ।

## बाढीपहिरोले...

बराबरको विद्युत् निर्यात हुँदा भारतबाट विद्युत् खरिद गर्न एक हजार ९४४ करोड खर्च भएको छ । यसले देशलाई स्वच्छ ऊर्जामा आत्मनिर्भर बन्न अझै लामो यात्रा गर्न बाँकी रहेको सङ्केत गर्छ । नेपाल आयल निगमका अनुसार देशभर १२१ मिलियन एलपी ग्यास सिलिन्डर रहेका छन् । जबकि १६२ हजार २३५ इन्डक्सन र इन्फ्रारेड स्टोभ ३२ करोड ५९ लाख रुपियाँ बराबरको आयात भएको छ । गत आवमा ४० अर्ब ६४ करोड रुपियाँ बराबरको ३६ करोड ३० लाख केजी ग्यास आयात भएको थियो ।
जलविद्युत् बनाउने कम्पनीका फाइललाई सचिव र मन्त्रीहरूले बर्सौंसम्म झुलाउने समाचारले प्राथमिकता पाएका छन् । अनिवार्य पालनासहित यथार्थ गरिनुपर्ने वातावरणीय अध्ययन प्रतिवेदन कपी पेस्ट हुने गरेको भन्ने मुद्दा सर्वोच्चसम्म पुगेको कुरालाई समेत हामीले मनन गर्नुपर्ने बेला आएको छ ।
पछिल्लो दुई दशकमा ग्रामीण सडक विस्तारका नाममा डोजर संस्कृतिको डरलाग्दो विकास भयो, यसले हाम्रो सीमित स्रोतबाट जनताले राम्रो प्रतिफल पाउनुको सट्टा सरकारी पैसाको दुरुपयोग भएको तथ्य लेखा परीक्षण प्रतिवेदनबाटै प्रस्टिएको छ । यही कारणले बढी वर्षा मौसममा बाढीपहिरो र डुबानको समस्या निम्त्याएका कुरा तिनका प्रमाण हुन् । बाढीपहिरोबाट पीडित जनताको उद्धार, उपचार र उत्थानका लागि राज्यले बर्सेनि अर्बौं कोष खर्च गर्नु परेको अवस्था एकातिर छ । स्थानीय तहका निर्वाचित पदाधिकारीले नै डोजर प्रयोग गरी खनेको बाटोलाई मात्र विकास देख्ने परम्परामा पुनर्विचार गर्नुपर्ने आवश्यकता रहेको छ । यसका लागि आर्थिक पक्ष, न्यूनतम वातावरणीय पक्ष र सामाजिक पक्ष एकीकृत रूपमा प्रस्तावित विकास आर्थिक सामाजिक रूपमा समानतायुक्त, वातावरण र आर्थिक सामाजिक रूपमा धान्न सकिने हुनु पर्छ । असारे विकासको कमसल निर्माण बाढीपहिरोको अर्को कारण हुन् । आव २०७८/७९ मा असारमा २९.८४ प्रतिशत पुँजीगत बजेट खर्च भयो ।

सन् २०३० सम्म हासिल गर्नुपर्ने दिगो विकासका लक्ष्य र त्यसमा निर्धारण गरिएका कतिपय राष्ट्रिय लक्ष्य हासिल गर्नका निमित्त जलस्रोतको विकास र व्यवस्थापनको प्रत्यक्ष योगदान रहन्छ । नेपालमा जलस्रोतको विकासमार्फत समृद्धि हासिल गर्न टेवा पुग्ने देखिएकाले 'समृद्ध नेपाल सुखी नेपाली' को राष्ट्रिय आकांक्षालाई वास्तविकतामा परिणत गर्न पनि उपलब्ध जलस्रोतको विकास एवं व्यवस्थापन अपरिहार्य भएको छ (राष्ट्रिय जलस्रोत नीति, २०७७) ।

बहुउद्देश्यीय आयोजनाले वातावरणमा कम क्षति गर्छ । एउटै नदीका विभिन्न तल्लो बेसिनका प्रोजेक्ट बनाउने, पानीलाई बहुउपयोगमा लगाउने, ससाना ड्याम बनाएर लोहेडका परियोजना बनाउँदा एकातिर बाढी नियन्त्रण हुन्छ भने अर्कातिर हिउँदमा चर्को लोडसेडिङबाट देशलाई बचाई व्यापार घाटालाई कम गर्छ । यो कामका लागि स्वदेशी हाइड्रोपावर कम्पनीहरूलाई राज्यले प्रोत्साहित गर्नु पर्छ । एकातिर विकास निर्माण गर्दा प्रकृतिको न्यूनतम क्षय गर्छ भने अर्कोतिर गरिएको विकास निर्माणले जलवायु परिवर्तनका कारण वृद्धि भएको तापक्रम र अनपेक्षित मौसमी घटनालाई सजिलै थेग्न सक्छ । नेपालले अन्तर र्राष्ट्रिय समुदायसमक्ष गरेका प्रतिबद्धता र पक्षराष्ट्र भएका महासन्धिको पूर्ण कार्यान्वयन पूर्वसर्त हुन् भन्ने तथ्यलाई कहिल्यै पनि भुल्नु हुँदैन ।

विकास निर्माण राज्य एक्लैले गर्ने विषय होइन । यसमा राज्यका सबै अङ्ग र सबै पक्षको सहभागिताको आवश्यकता पर्छ । राज्यले नीतिगत व्यवस्था र लगानीको वातावरण बनाइदिनुपर्ने हुन्छ । विकास निर्माण गर्दा निजी क्षेत्रको सहकार्य तथा जनताको अर्थपूर्ण सहभागिता र अपनत्वलाई पनि पूर्ण ख्याल गर्नुपर्ने हुन्छ ।

असार हाम्रा लागि बाढीपहिरो र विनाश बनेर आइरहेको भनिरहँदा हामीले यो पनि बिर्सन हुँदैन, यही असारले देशभरि किसानलाई खुसी बनाएको हुन्छ । देशभरि रोपाइँ सुरु हुन्छ, यही रोपाइँ हाम्रो बच्ने आधार हो । नेपालको कुल क्षेत्रफल १४,७१८,१०० हेक्टरमध्ये २,६४१,००० हेक्टर कृषियोग्य क्षेत्रफल छ । जम्मा १,७६६,००० हेक्टर जमिन मात्र सिँचाइयोग्य छ । विभिन्न प्रयासबाट हालसम्म १,४३३,२८७ हेक्टर जमिनमा सिँचाइ संरचना निर्माण गरिएको छ । तीमध्ये ४४३,३६५ हेक्टर जमिन भूमिगत सिँचाइबाट १७६,९२५ हेक्टर जमिन परम्परागत सिँचाइ प्रणालीबाट र ८१३,०६७ हेक्टर जमिन सतह सिँचाइबाट सिँचाइ गरिएको छ । जम्मा सिञ्चित जमिनमध्ये करिब ३५ प्रतिशत जमिनमा मात्र वर्षभर सिँचाइ सेवा उपलब्ध गराइएको छ ।

बाढीले विनाश मात्र गर्दैन; जस्तै विनाशकारी प्रत्यक्ष प्रभाव, जीवन र सम्पत्तिको हानिसहित र उच्च अप्रत्यक्ष प्रभाव, घटेको उत्पादकता र जनस्वास्थ्यमा परेको प्रभावसँगै बाढीपछिका राहतमा गरिने तीव्र पुनर्निर्माणका कामले एकै समयमा केही फाइदा प्रदान गर्न सक्छ । आर्थिक उत्प्रेरणा, भारी वर्षाले बोकेर ल्याउने लेदो माटो उक्त उर्वर माटोले भूमि ढाकेर कृषि उत्पादनमा वृद्धि हुन्छ । विद्युत्का अतिरिक्त उत्पादन हुन्छ । एउटा अध्ययनले देशको कुल गार्हस्थ उत्पादन (जिडिपी) मध्य बाढीको घटनापछि करिब एक प्रतिशतले बढेको देखाएको छ ।

बिर्ता (सेफ्टी तथा ढल सफाई)
बिर्तामोड, झापा
सम्पर्क: 9825952680 9816063266 9825952677 9804994595
सेफ्टी तथा ढल सफाइ गर्नु परेमा हामीलाई सम्झनुहोस् ।
पहाडी क्षेत्रमा पनि सेवा उपलब्ध छ ।

प्रतिदिन वर्गीकृत विज्ञापन


अब मेसिनबाट घरको झ्याल तथा ढोकाको बुट्टा
PAL creation
bhadrapur road, birtamode
023-590580, 9852671580

सुपर काइनेटिक एक्सप्रेस कुरियर
राष्ट्रिय तथा अन्तराष्ट्रिय चिठि पत्र , पार्सल पठाउनु परे हामिलाई सम्झनुहोस ।
विगत ३ दशकदेखी अनुभवी तथा विश्वासिलो एकमात्र कुरियर
सम्पर्क:
फोन: ०२३-५४०४७८
मो: ९८५२६७७३५५
बिर्तामोड (सिटि सेन्टर), झापा
अदुवा खोला छेउ

तपाईंकोमा प्रतिदिन आएन ?
नआएमा सम्पर्क गर्नुहोला ।
०२३-५४३८२०



मानव डेन्टल
काँकरभिट्टारोड, बोलबम पेट्रोलपम्प पूर्व, बिर्तामोड
फोन: ०२३-५४२६१६, मो: ९८५२६४०४०५
दैनिक सेवाको लागि
❖डा. मेची अञ्चल अस्पतालबाट
❖डा. भैरहवाबाट
❖डा. काठमान्डौबाट
स्वास्थ्य मुस्कान, स्वास्थ्य जीवन, यही हो मानव डेन्टलको पहिचान



वर्गीकृत विज्ञापन संकलन केन्द्रहरू :

चन्द्रगढी, भद्रपुर
लोकबहादुर कुँवर : ९८४२६८३९९६
द्रोण अधिकारी : ९८४२६२८७९१

दमक
विष्णु सुब्बा : ९८५२६७०१३७
देविबहादुर बस्नेत : ९८१७९२४६२१

मेचीनगर
चारआली : ९८४२७०३०१३
गोबिन्द घिमिरे : ९८१५९५०१५०

उर्लाबारी
रुपेन्द्र शेर्मा : ९८४२०९२४०६
विराटनगर
क्रिएटिभ आई: ०२१-५२५६१०

इलाम, मंगलबारे
रणवीर लिम्बू
९८१६९८४७५७

काकँरभिट्टा
फ्रेन्डसिप पुस्तक पसल
०२३-५६२४२४

झापा बजार
बरत राजवंशी
९८१७०४९००१

## आजको राशिफल

मेष: आज रोकिएका काम पुनः सुरु हुन सक्छन् । महिला वा मित्रबाट विशेष सहयोग

वृष: आज जुक्तिको प्रयोग गर्न सके एकपछि अर्को अवसर आउने छ ।

मिथुन: अधुरो या नयाँ कार्यको थालनी पनि हुनेछ । आर्थिक कारोबार भने कमजोर रहनसक्छ

कर्कट: मालसामान हराउन सक्छ । सानातिना समस्यामा अल्झनुपर्नेछ ।

सिंह: । रोकिएको धन हात पर्ला क्रोध, प्रतिशोध, रिसराग र उत्तेजना नियन्त्रण गर्नु राम्रो हुनेछ ।

कन्या: आज अरुलाई प्रभावित पारेर काम बन्नेछ। न्यायिक कार्यमा सफलता मिल्नेछ ।

तुला: सामान हराउने वा चोरी हुने सम्भावना छ । शुभचिन्तकहरूको सुझाव बेवास्ता गर्दा दुःख

वृश्चिक: दैनिकी काममा चुनौतीको सामना गर्नुपर्ला । कतिपय राम्रा अवसरहरू प्राप्त हुनेछन् ।

धनु: आज नयाँ र शुभ समाचार सुन्न पाइएला । मनमा हर्ष, उमङ्ग र उत्साह छाउनेछ ।

मकर: आज सुन्दर पहिरनले व्यक्तित्वमा निखारता ल्याउनेछ । जोशजाँगर बढ्न सक्छ ।

कुम्भ: कला र गलाको प्रभाव बढ्नेछ । वैदेशिक कार्य पनि अघि बढ्नेछ ।

मिन: आज कला, साहित्य तथा सङ्गीतमा रुचि बढ्नेछ । पारिवारिक साथ सहयोग मिल्ने